# मध्यपश्चिमाञ्चल विश्वविद्यालय

## कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा

## कार्य क्षमता अङ्क विभाजन एवं सिफारिस प्रक्रिया सम्बन्धी कार्यविधि, २०७३ (पहिलो संसोधन २०७५)

मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षक कर्मचारी–नियमावली २०६९ को नियम नियम ५ को उपनियम (२) तथा नियम ६ को उपनियम (१), (२), र (३) ले दिएको अधिकार प्रयोग गरी मध्यपश्चिमाञ्चल विश्वविद्यालय कार्यकारी परिषद्को सिफारिसमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय सेवा आयोगले मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा कर्मचारी नियुक्ति एवं पदोन्नतिको सिफारिसका सम्बन्धमा देहायको कार्यविधि तोकेको छ ।

### परिच्छेद् १

### प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम **"मध्यपश्चिमाञ्चल विश्वविद्यालय कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिस प्रक्रिया सम्बन्धी कार्यविधि, २०७३"** रहेको छ । यसलाई संक्षेपमा "**कर्मचारी नियुक्ति एवं बढुवा सिफारिस कार्यविधि, २०७३**" भनिनेछ ।

(ख) यो कार्यविधि २०७५ फाल्गुन १४ गते पछि हुने विज्ञापन देखि लागु हुनेछ ।

**१.२ परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ लागेमा वाहेक यस कार्यविधिमा

(क) "ऐन" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ सम्फनु पर्दछ ।

(ख) "नियम" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयका प्रचलित नियमहरु सम्फनु पर्दछ ।

(ग) "विश्वविद्यालय" वा "म.प.वि." भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय सम्फनु पर्दछ ।

(घ) "उपकुलपति" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति सम्फनु पर्दछ ।

(ङ) "सेवा आयोग" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय सेवा आयोग सम्फनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयका सेवा आयोगका अध्यक्ष सम्फनु पर्दछ ।

(छ) "रजिष्ट्रार" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयका रजिष्ट्रार सम्फनु पर्दछ ।

(ज) "सदस्य" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयका सेवा आयोगका सदस्य सम्फनु पर्दछ ।

(झ) "प्रतियोगिता" भन्नाले विश्वविद्यालयको नियम अनुसार सेवा आयोगद्वारा आह्वान गरिएका प्रतियोगिता सम्फनु पर्दछ ।

(ञ) "लिखित परीक्षा" भन्नाले सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक परीक्षा सम्फनु पर्दछ । विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यसले सेवा आयोगबाट सञ्चालित प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता वा अन्य कुनै पनि परीक्षा समेत जनाउाछ ।

(ट) “उम्मेदवार” भन्नाले सेवा आयोगको प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवार कर्मचारी वा अन्य व्यक्तिलाई समेत जनाउाछ ।

(ठ) “अनुसूची” भन्नाले यसै कार्यविधिको अनुसूची सम्झनु पर्दछ ।

(ड) “मान्यता प्राप्त शिक्षण संस्था” भन्नाले नेपाल सरकार र स्थापित मापदण्ड अनुसार मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्था भन्ने सम्झनु पर्दछ ।

(ढ) “योग्यता” भन्नाले विभिन्न तहको कर्मचारी पदमा नियुक्तिको लागि तोकिएको योग्यता सम्झनु पदर्छ ।

(ण) “अङ्क” भन्नाले सेवा आयोगबाट यसै कार्यविधिमा उल्लेख भए बमोजिम प्रदान गरीने अङ्क सम्झनु पर्दछ ।

(त) “समायोजन” भन्नाले ऐन अनुसार विश्वविद्यालयमा भएको समायोजन सम्झनु पर्दछ ।

(थ) “आवेदन दस्तुर” भन्नाले प्रतियोगितामा सामेल हुनको लागि सेवा आयोगले तोकेको न्यूनतम दस्तुर सम्झनु पर्दछ ।

१.३ ऐन वा नियममा प्रयुक्त शब्द र वाक्यांशहरु यस कार्यविधिमा प्रयुक्त भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरुको व्याख्या सोही अनुरुप गरिनेछ ।

## परिच्छेद् २

## सिफारिस सम्बन्धी कार्यविधि

### २.१ सिफारिस सम्बन्धी कारवाही

नियममा अन्यथा स्पष्ट व्यवस्था भएकोमा बाहेक कार्यकारी परिषद्ले स्थायी पदपूर्तिको लागि तोकी पठाएको पद, पदको संख्या र प्रतियोगिताको किसिमका आधारमा सेवा आयोगले कर्मचारीको नियुक्तिको लागि सिफारिस सम्वन्धी कारवाही सुरु गर्नेछ र साधारणतया ६ महिनाभित्र सिफारिसको कारवाही टुङ्गो लगाई सक्नेछ ।

### २.२ विज्ञापन र आवेदन फाराम

(क) नियुक्ति तथा बढुवाको लागि सिफारिस गरिने तोकिएका विभिन्न पद, तिनको संख्या, सबै प्रकारको न्युनतम योग्यता एवं प्रतियोगिताको किसिम समेत खुलाई सेवा आयोगले सिफारिस गर्ने पदहरुको राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गर्नेछ ।

(ख) विज्ञापन अनुसार आवेदन दिने म्याद विज्ञापनको प्रथम प्रकाशनको मितिबाट कम्तिमा ३५ दिनको हुनेछ । त्यसपछि दोब्बर दस्तुर तिरेर थप ७ (सात) दिनसम्म आवेदन फाराम भर्ने म्याद कायम रहनेछ । तर, यसरी दोब्बर दस्तुर तिरेर आवेदन फाराम भर्ने म्याद थप गरिएको अवधि वा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको समेत आधार मानी उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव र सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन ।

(ग) विज्ञापन वमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरुले आवेदन फाराम तोकिएको म्याद भित्र सेवा आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ ।

(घ) म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरु पूरा नभएको आवेदन फाराममा कुनै कारवाही गरिने छैन ।

(ङ) सेवा आयोगले प्रतियोगिताका लागि आवेदन दिनेहरु मध्येबाट योग्य उम्मेदवारको स्वीकृत नामावली प्रतियोगिता हुने दिनभन्दा घटीमा १५ दिन अगाडि प्रकाशित गर्नेछ । साथै, प्रतियोगिता हुने मिति, समय र स्थान बारे प्रतियोगिता हुने दिन भन्दा घटीमा पनि १५ दिन अगाडि राष्ट्रिय स्तरका पत्रिका मार्फत सूचना प्रकाशित गरिनेछ ।

(च) सेवा आयोगमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन

(छ) सेवा आयोगद्वारा प्रकाशित विज्ञापनमा सम्मिलित हुन चाहने उम्मेदवारले आफुले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु सेवा आयोगबाट तोकिएको निकायबाट प्रमाणित गराएको प्रमाणपत्र अनिवार्य रुपले फारामसाथ संलग्न गर्नु पर्नेछ ।

(ज) पदपूर्तिको लागि विज्ञापन गर्दा आवेदन फारामको ढाचा सेवा आयोगबाट तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद् ३

## प्रतियोगिताका प्रकार र अनुपात

### ३.१ प्रतियोगिताको प्रकार

सेवा आयोगले देहायमा उल्लेखित प्रतियोगिता/प्रतिष्पर्धाका आधारमा प्रशासनिक तथा अन्य पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ ।

**(क) आन्तरिक प्रतियोगिता**

(१) पदोन्नति हुने पदका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता र पदोन्नति हुने पदको श्रेणीभन्दा एक तह मुनिको श्रेणीको पदमा न्यूनतम् ५ (पाँच) वर्ष स्थायी सेवा अवधि पूरा भएका सबै सेवा समूहका कर्मचारीहरुले प्रशासन सेवा समूहको सह-प्रमुख अधिकृत र लेखा समूहको अधिकृत प्रथम श्रेणी सम्मका पदहरुको आन्तरिक प्रतियोगितामा भाग लिन पाउने छन् ।

(२)स्थायी सेवा अवधि गणना गर्दा बेतलवी वा असाधारण विदा लिएको अवधि, गयल भएको अवधि र विश्वविद्यालय बाहिर बेतलवी काजमा गई काम गरेको अवधि घटाई माथि (क) मा तोकिए बमोजिमको ५ (पााच) वर्ष स्थायी सेवा अवधि पूरा भएको अवस्थामा मात्र आन्तरिक प्रतियोगितामा भाग लिन पाइने छ ।

(३) जुन सेवा समूह अन्तरगतका पदमा नियुक्ति भएको हो सोही सेवा समूह अन्तर्गतको एकतह माथिको पदमा मात्र आन्तरिक प्रतियोगितामा भाग लिन पाइनेछ । तर लेखा समूह तर्फका पदहरुको लागि तोकिएको व्यवस्थापन, वाणिज्य वा व्यवस्थापन प्रशासन विषयको शैक्षिक योग्यता सम्वन्धी व्यवस्था लागु हुनु भन्दा अगाडि सो सरहको अन्य शैक्षिक योग्यताको आधारमा सेवा प्रवेश गरीसकेकाहरुको हकमा एक पटक मात्र पदोन्नतिको लागि अवसर दिइने छ ।

(४) मध्यपश्चिमाञ्चल विश्वविद्यालयको मिति २०७५ भदौ १० गतेको विश्वविद्यालय सभाको निर्णय बमोजिम आंगिक क्याम्पसको रुपमा रुपान्तरित भई आउने (नारायण क्याम्पस, दैलेख, रारा क्याम्पस, मुगु, भेरी ज्ञानोदय क्याम्पस, जाजरकोट, मुसिकोट क्याम्पस, रुकुम, तिला कर्णाली बहुमुखी क्याम्पस, कालिकोट, बबई बहुमुखी क्याम्पस, गुलरिया, बर्दिया, बागेश्वरी बहुमुखी क्याम्पस, कोहलपुर, बााके, जनता बहुमुखी क्याम्पस, विद्यापुर, सुर्खेत, भेरी शिक्षा क्याम्पस, गुमी, सुर्खेत र जलजला बहुमुखी क्याम्पस, रोल्पा) क्याम्पसहरुमा स्थायी सेवामा कार्यरत कर्मचारीहरुका सम्बन्धमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनिक (तेस्रो संशोधन) नियमावली, २०६९, परिच्छेद ३३, नियम १७६ (क) मा व्यवस्था भए बमोजिम सोहि पदमा स्थायी रुपान्तरित हुने प्रयोजनका लागि एक पटकका लागि मात्र आन्तरिक प्रतियोगितामा सहभागी हुने अवसर प्रदान गरिनेछ ।

**(ख) खुल्ला प्रतियोगिता**

(१) तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले खुल्ला प्रतियोगितामा भाग लिन पाउने छन् । यो प्रतियोगिता खुल्ला/समावेशी आधारमा गरिनेछ । यस व्यवस्था अनुसार म.प.वि. सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ५५ (पचपन्न) प्रतिशत पदमा सबै उम्मेदवारहरुले प्रतिस्पर्धा गर्न पाउने र बााकि ४५ (पैतालिस) प्रतिशत पदमा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, तथा पिछडिएको क्षेत्रका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्ने व्यवस्था गरिनेछ ।

(२)विज्ञापनका निमित्त आएका पदहरुका सम्बन्धमा सबै उम्मेदवारहरुले प्रतिष्पर्धा गर्न पाउने खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने ५५ प्रतिशत पद र तोकिएको समूह (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, तथा पिछडिएको क्षेत्रका उम्मेदवारहरु) बीच मात्र प्रतिष्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्ने ४५ प्रतिशत पदको विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउाछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने र दशमलव पछि दुवै समूहमा बराबर अङ्क आएमा खुल्लालाई प्राथमिकता दिने व्यवस्था गरिने छ ।

(३) महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेदवार बिच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्न छुट्याएको ४५ प्रतिशत पदलाई शत प्रतिशत मानी देहाय बमोजिम वर्गीकृत उम्मेदवारविच छुट्टाछुट्टै प्रतिस्पर्धाका आधारमा देहाय अनुसार पदपूर्ति गरिने छ ।

| | |
|---|---|
| (क) महिला | ३३ (तेत्तीस) प्रतिशत |
| (ख) आदिवासी/जनजाति | २७ (सत्ताइस) प्रतिशत |
| (ग) मधेशी | २२ (बाइस) प्रतिशत |
| (घ) दलित | ९ (नौ) प्रतिशत |
| (ङ) अपाङ्ग | ५ (पााच) प्रतिशत |
| (च) पिछडिएको क्षेत्र | ४ (चार) प्रतिशत |

(४) समावेशीतामा पर्ने हरेक वर्गीकृत समूहको पद संख्या निर्धारण गर्न सुत्र प्रयोग गर्दा भागफल दशमलवमा आएमा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्र जुनमा बढी आउाछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने । दशमलव पछि महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा महिलालाई प्राथमिकता दिने । आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा आदिवासी/जनजातिलाई प्राथमिकता दिने । मधेशी, दलित, अपाङ्ग तथा पिछडिएका क्षेत्रमा बराबर अङ्क आएमा मधेशीलाई प्राथमिकता दिने । अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा अपाङ्गलाई प्राथमिकता दिने व्यवस्था गरिने छ ।

(५)माथि उल्लेखित वर्गीकृत समूह र क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको अर्थ र प्रयोग अनुसूची १ अनुरुप नै हुनेछ ।

**(ग) विशेष आन्तरिक प्रतियोगिता**

विश्वविद्यालयमा समायोजन हुनु अगाडि आधार क्याम्पसहरु (तत्कालिन वीरेन्द्रनगर वहुमुखी क्याम्पस र पब्लिक साइन्स क्याम्पस) मा कार्यरत भई समायोजनमा परेका शिक्षक–कर्मचारी नियमावली २०६९ को नियम १६ को (४) र (५) बमोजिमका कर्मचारीहरुलाई कार्यकारी परिषद्ले सिफारिस गरे अनुरुप स्थायी हुन एक पटकको लागि मात्र विशेष आन्तरिक प्रतिष्पर्धामा सहभागी हुने अवसर प्रदान गरिने छ । विशेष आन्तरिक प्रतिष्पर्धामा आवेदन दिने उम्मेदवारहरुको सिफारिसको लागि कूल पूर्णाङ्क तथा अङ्क बिभाजन आन्तरिक प्रतियोगिता अन्तर्गत सम्बन्धित पदमा आवेदन दिने उम्मेदवारहरुको सरह हुने छ ।

(घ) **विशेष आन्तरिक खुल्ला प्रतियोगिता**

(१) विश्वविद्यालयका बिभिन्न सङ्कायहरु अन्तर्गत केन्द्रीय क्याम्पस र कार्यक्रमहरुमा पूर्णकालीन करार सेवामा कार्यरत कर्मचारीहरुका सम्बन्धमा शिक्षक–कर्मचारी नियमावली, २०६९ को परिच्छेद २, नियम ५ को २ (क) अनुसार मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा प्रथम श्रेणीमा उत्तिर्ण गरेको हकमा कम्तीमा १ वर्ष र द्वितिय श्रेणीमा उत्तीर्ण गरेको हकमा कम्तीमा २ वर्ष करार सेवामा कार्यरत कर्मचारीहरुलाई कार्यकारी परिषद्ले सिफारिस गरे अनुरुप एक पटकका लागि मात्र स्थायी हुन विशेष आन्तरिक खुल्ला प्रतियोगितामा सहभागी हुने अवसर प्रदान गरिने छ ।

(२) मध्यपश्चिमाञ्चल विश्वविद्यालयको मिति २०७५ भदौ १० गतेको विश्वविद्यालय सभाको निर्णय बमोजिम आंगिक क्याम्पसको रुपमा रुपान्तरित भई आउने (नारायण क्याम्पस, दैलेख, रारा क्याम्पस, मुगु, भेरी ज्ञानोदय क्याम्पस, जाजरकोट, मुसिकोट क्याम्पस, रुकुम, तिला कर्णाली बहुमुखी क्याम्पस, कालिकोट, बबई बहुमुखी क्याम्पस, गुलरिया, बर्दिया, बागेश्वरी बहुमुखी क्याम्पस, कोहलपुर, बाके, जनता बहुमुखी क्याम्पस, विद्यापुर, सुर्खेत, भेरी शिक्षा क्याम्पस, गुमी, सुर्खेत र जलजला बहुमुखी क्याम्पस, रोल्पा) क्याम्पसहरुमा पूर्णकालीन करार सेवामा कार्यरत कर्मचारीहरुका सम्बन्धमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनिक (तेस्रो संशोधन) नियमावली, २०६९, परिच्छेद ३३, नियम १७६ (क) मा व्यवस्था भए बमोजिम कर्मचारीहरुलाई कार्यकारी परिषद्ले सिफारिस गरे अनुरुप एक पटकका लागि मात्र स्थायी हुन विशेष आन्तरिक खुल्ला प्रतियोगितामा सहभागी हुने अवसर प्रदान गरिने छ ।

(३) विशेष आन्तरिक खुल्ला प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरुको सिफारिसको लागि कूल पूर्णाङ्क तथा अङ्क बिभाजन खुल्ला प्रतियोगिता अन्तर्गत सम्बन्धित पदमा आवेदन दिने उम्मेदवारहरुको सरह हुने छ ।

### ३.२ वैकल्पिक उम्मेदवारको व्यवस्था

(१) कुनै पदको लागि खुल्ला प्रतियोगितात्मक परीक्षा अनुसार सिफारिसमा पर्ने उम्मेदवारहरूको योग्यताक्रम सूची प्रकाशित गर्दा त्यस्तो पदका विज्ञापनमा उल्लेखित पद संख्याको प्राप्त भए सम्म बढीमा १५ (पन्ध्र) प्रतिशतसम्म र घटीमा १ (एक) जना सम्म उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्न सकिनेछ । वैकल्पिक सूचीमा परेका उम्मेदवारले प्राप्त गरेको कूल अङ्क समेत प्रकाशित गरिने छ ।

(२) वैकल्पिक सूचीबाट देहायको अवस्थामा नियुक्तिका लागि योग्यताक्रम अनुसार सिफारिस गरिने छ ।

(अ) सिफारिस गरिएको उम्मेदवारले नियुक्ति जारी भएको मितिले १५ दिनभित्र नियुक्ति नलिएमा, वा

(आ) नियुक्ति बुझेर पनि ३५ दिन भित्र तोकिएको स्थान वा कार्यालयमा हाजिर हुन नगएमा, वा

(इ) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजिनामा दिई वा निजको माथिल्लो पदमा नियुक्ति भई सिफारिस गरिएको मितिले एक वर्ष भित्रै निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा ।

(ई) माथि (अ), (आ), र (इ) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगले मुख्य उम्मेदवारलाई सिफारिस गरेको मितिले एक वर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिने छैन ।

(३) वैकल्पिक सूचीलाई आधार मानी विश्वविद्यालयले आवश्यकता परेमा एक वर्ष भित्र करारमा नियुक्ति गर्न सक्नेछ ।

**३.३ न्यूनतम योग्यता**

प्रतियोगितामा आवेदन दिनको लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्नाले यसै कार्यविधिको अनुसूची २ मा तोकिए बमोजिमको शैक्षिक योग्यता बुझ्नु पर्दछ ।

**३.४ प्रतियोगिताको अनुपात**

(क) कार्यकारी परिषद्बाट अन्यथा व्यवस्था भई आएमा बाहेक विभिन्न प्रतियोगिताहरुको अनुपात निम्न अनुसार हुनेछ ।

| पूर्ति गरिने पदको तह | प्रतियोगिताको प्रकार | |
|---|---|---|
| | आन्तरिक प्रतियोगिता (प्रतिशतमा) | खुल्ला प्रतियोगिता (प्रतिशतमा) |
| प्रमुख अधिकृत वा सो सरह | १०० | -- |
| सह प्रमुख अधिकृत वा सो सरह | ९० | १० |
| बरिष्ठ अधिकृत वा सो सरह | ७५ | २५ |
| अधिकृत वा सो सरह | ५० | ५० |
| मुख्य सहायक वा सो सरह | २५ | ७५ |
| सहायक वा सो सरह | -- | १०० |

(ख) प्रतिशत विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउाछ त्यसैका लागि प्रतिशत निर्धारण गरिनेछ । दशमलव पछि खुल्ला र आन्तरिक प्रतियोगितामा भागफल बराबर आएमा खुल्लालाई प्राथमिकता दिने व्यवस्था गरिने छ ।

(ग)आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिताको एकै समयमा भएको विज्ञापनको अन्तिम नतिजा प्रकाशित गर्दा सर्वप्रथम आन्तरिक प्रतियोगिता र त्यसपछि खुल्ला प्रतियोगिताको नतिजा प्रकाशित गर्ने व्यवस्था हुने छ ।

## परिच्छेद् ४

## सिफारिसका आधार तथा पूर्णाङ्क विभाजन

४.१ म.प.वि.सेवामा नियुक्तिको लागि सिफारिसका आधार तथा तिनको पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ । लिखित परीक्षा हुने प्रतियोगितामा लिखित परीक्षामा उत्तीर्ण भई अन्तरवार्ताको सूचीमा नाम परे पछि मात्र अन्य आधारका अङ्क गणना हुने छन् ।

| क्र.सं. | सिफारिस गरिने आधार | आन्तरिक प्रतियोगिता | | खुल्ला प्रतियोगिता | |
|---|---|---|---|---|---|
| | | अधिकृत वा सो सरह र सो भन्दा माथिका पदहरू | अधिकृत भन्दा मुनिका पदहरू | अधिकृत वा सो सरह र सो भन्दा माथिका पदहरु | अधिकृत भन्दा मुनिका पदहरु |
| १. | म.प.वि. सेवा अनुभव (जेष्ठता) | २० | १५ | -- | -- |
| २. | कार्य सम्पादन मूल्याङ्कन | १० | १० | -- | -- |
| ३. | तालिम | १० | ५ | -- | -- |
| ४. | शैक्षिक योग्यता | २० | २० | २० | २० |
| ५. | लिखित परीक्षा | १२० | ८० | १५० | १०० |
| ६. | अन्तरवार्ता | २० | २० | २० | २० |
| पूर्णाङ्क | | २०० | १५० | १९० | १४० |

## परिच्छेद् ५

## शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यवस्था

### ५.१ आन्तरिक प्रतियोगिताका लागि

(क) **अधिकृत** वा सो सरह र सो भन्दा माथिल्ला पदहरुको आन्तरिक प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको पूर्णाङ्क २० (बिस)को अङ्क विभाजन देहाय अनुसार हुनेछ।

| शैक्षिक योग्यता | विशिष्ट | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | ३ | २.५ | २ | १ |
| प्रमाणपत्र तह वा सो सरह | ४ | ३.५ | ३ | २ |
| स्नातक वा सो सरह | ९ | ८.० | ६ | ४ |
| स्नातकोत्तर वा सरह | ४ | ३.५ | ३ | २ |

(ख) **मुख्य सहायक** वा सो सरहका पदहरुको आन्तरिक प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको पूर्णाङ्क २० (बिस)को अङ्क विभाजन देहाय अनुसार हुनेछ।

| शैक्षिक योग्यता | विशिष्ट | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | ४ | ३.५ | ३ | २ |
| प्रमाणपत्र तह वा सो सरह | १० | ९ | ७ | ६ |
| स्नातक वा सो सरह | ६ | ५.५ | ४ | २ |

### ५.२ खुल्ला प्रतियोगिताका लागि

(क) **वरिष्ठ अधिकृत** वा सो सरह र सो भन्दा माथिल्ला पदहरुको खुल्ला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको पूर्णाङ्क २० (बिस)को अङ्क विभाजन देहाय अनुसार हुनेछ।

| शैक्षिक योग्यता | विशिष्ट | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | २ | १.५ | १ | ०.५ |
| प्रमाणपत्र तह वा सो सरह | ४ | ३.५ | ३ | २.५ |
| स्नातक वा सो सरह | ८ | ७ | ५ | ४ |
| स्नातकोत्तर वा सरह | ६ | ५ | ४ | ३ |

(ख) **अधिकृत** वा सो सरहको पदहरुको खुल्ला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको पूर्णाङ्क २० (बिस)को अङ्क विभाजन देहाय अनुसार हुनेछ ।

| **शैक्षिक योग्यता** | **विशिष्ट** | **प्रथम** | **द्वितीय** | **तृतीय** |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | २ | १.५ | १ | ०.५ |
| प्रमाणपत्र तह वा सो सरह | ४ | ३.५ | ३ | २.५ |
| स्नातक वा सो सरह | ८ | ७ | ५ | ४ |
| स्नातकोत्तर वा सरह | ६ | ५ | ४ | ३ |

(ग) **मुख्य सहायक** वा सो पदहरुको खुल्ला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको पूर्णाङ्क २० (बिस)को अङ्क विभाजन देहाय अनुसार हुनेछ ।

| **शैक्षिक योग्यता** | **विशिष्ट** | **प्रथम** | **द्वितीय** | **तृतीय** |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | ४ | ३.५ | ३ | २ |
| प्रमाणपत्र तह वा सो सरह | १० | ९ | ७ | ६ |
| स्नातक वा सो सरह | ६ | ५.५ | ४ | २ |

(घ) **सहायक** वा सो सरहको पदहरुको खुल्ला प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको पूर्णाङ्क २० (बिस)को अङ्क विभाजन देहाय अनुसार हुनेछ ।

| **शैक्षिक योग्यता** | **विशिष्ट** | **प्रथम** | **द्वितीय** | **तृतीय** |
|---|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | १२ | ११.५ | ११ | १० |
| प्रमाणपत्र तह वा सो सरह | ८ | ७.५ | ७ | ६.५ |

**५.३ शैक्षिक योग्यताको सम्बन्धमा अन्य व्यवस्था**

(क) कम्पार्टमेण्टल परीक्षा उत्तिर्ण गरी प्राप्त शैक्षिक योग्यता वा उपाधिको लागि तृतीय श्रेणीको अङ्क दिइनेछ ।

(ख) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिईनेछ ।

(ग) समान तहको एकभन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको अवस्थामा ती मध्ये आवेदित पदसाग सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ ।

(घ) आवेदित पदको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको सम्बन्धित विषयको कुनै एक अतिरिक्त शैक्षिक उपाधि बापत मात्र अङ्क दिइनेछ ।

(ङ) विज्ञापन प्रकाशित हुनु भन्दा अघिल्लो दिन सम्म प्रदान नगरिएका तथा आवेदन फाराममा उल्लेख नभएका शैक्षिक उपाधिहरुको अङ्क दिइने छैन ।

(च) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक उपाधि (श्रेणी वा ग्रेड समेत खुलेको) सम्बन्धित निकायबाट मान्यता भएको प्रमाणित प्रतिलिपि पनि पेश गर्नु पर्नेछ । अन्यथा आवेदन फाराम स्वीकार गरिने छैन ।

(छ) माथि ५.३ (घ) मा जेसुकै लेखिएको भएता पनि लेखा समुहका पदमा नियुक्ति/पदोन्नतिका निमित्त तोकिएको सम्बन्धित विषयको शैक्षिक योग्यता (व्यवस्थापन वा वाणिज्य विषयको शैक्षिक योग्यता) पछि प्राप्त गरेको जनप्रशासन विषयको माथिल्लो शैक्षिक योग्यता वा अर्थशास्त्र विषय लिई प्राप्त गरेको माथिल्लो शैक्षिक योग्यतालाई आवेदित पदका निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको अतिरिक्त शैक्षिक योग्यता बापत अङ्क दिन मान्यता दिइनेछ ।

## परिच्छेद् ६

## सेवा अनुभव बापतको अङ्क

### ६.१ सेवाको अनुभव (जेष्ठता)को अङ्क

आन्तरिक प्रतियोगिताको लागि म.प.वि. सेवाको अनुभवको अङ्क प्रदान गर्दा आवेदित पदभन्दा एक तह मुनिको पदमा स्थायी भई काम गरेको प्रत्येक वर्षको लागि २ (दुई) अङ्क र सो भन्दा मुनिको पदमा स्थायी, अस्थायी वा पूर्णकालिन करार भई काम गरेको प्रत्येक वर्षको लागि १ (एक) अङ्क प्रदान गरिनेछ ।

### ६.२ सेवा अनुभव (जेष्ठता) सम्बन्धमा थप व्यवस्था

(क) मध्यपश्चिमाञ्चल विश्वविद्यालय सेवा अनुभव (जेष्ठता) को अङ्क प्रदान गर्ने सन्दर्भमा सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिनाभन्दा घटी अवधिको लागि अङ्क दिइने छैन । अङ्क प्रदान गर्न नोकरी अवधिको गणना गर्दा मध्यपश्चिमाञ्चल विश्वविद्यालय वा समायोजन भई आएका क्याम्पसहरुमा अटुट रुपमा गरेको पूर्णकालिन करार, अस्थायी, वा स्थायी सेवा अवधिलाई मात्र जोडिनेछ । सेवा आयोगबाट पहिलोपल्ट प्रकाशित विज्ञापन वा सूचना अनुसार आवेदन दिने अन्तिम मितिसम्मको अवधिलाई मात्र अङ्क दिने प्रयोजनका निमित्त गणना गरिनेछ । दोब्बर दस्तुर तिरेर आवेदन फाराम भर्ने म्याद थप गरिएको अवधि तथा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको भए पनि सो थप अवधिको आधारमा उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव र सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन ।

(ख) वेतलवी वा असाधारण विदा बसेको वा गयल भएको अवधिलाई सेवा अनुभव बापत अङ्क दिने प्रयोजनका लागि गणना गरिने छैन ।

(ग) अध्ययन विदा वा अध्ययन काजमा बसेकाका लागि सो अवधिको लागि प्रतिवर्ष १ (एक) अङ्कका दरले दिइनेछ ।

(घ) विश्वविद्यालय बाहिर वेतलवी काजमा गएका कर्मचारीहरुको हकमा सेवा अनुभवको अङ्क दिने प्रयोजनका लागि सो वेतलवी काज अवधि गणना गरिने छैन; तर म.प.वि. को पूर्व स्वीकृतिमा म.प.वि. का सम्बन्धन प्राप्त क्याम्पसमा वेतलवी काजमा काम गरेकाको लागि भने सेवा अनुभवको अङ्क प्रतिवर्ष १ (एक) अङ्कका दरले दिइनेछ ।

(ङ) उच्च अध्ययनको मौका प्राप्त गरी अध्ययन विदामा रही तोकिए अनुसारको अध्ययन पुरा नगरी (परीक्षा उत्तिर्ण नगरी) फर्कने म.प.वि.का कर्मचारीहरुले म.प.वि. सेवा आयोगबाट प्रकाशित विज्ञापनमा कुनै प्रतियोगिता अन्तर्गत पदोन्नतिका लागि आवेदन प्रस्तुत गरेमा निजले उपभोग गरेको अध्ययन विदा अवधि सेवा अनुभव (जेष्ठता) बापतको अङ्क दिने प्रयोजनका लागि गणना गरिने छैन । तर आवेदन फाराम भर्ने अन्तिम मितिसम्ममा स्वीकृत अध्ययन विदा समाप्त भएको एक वर्ष पुगि नसकेको अवस्थामा भने यो बन्देज लागु हुने छैन । आवेदन फाराम भर्ने अन्तिम मितिसम्ममा स्वीकृत अध्ययन विदा समाप्त भएको एकवर्ष पुगिसकेको अवस्थामा भने अध्ययन विदामा रही अध्ययन गरेको तहको परीक्षा (शोधपत्र समेत) उत्तिर्ण गरेको प्रमाण नै पेश गर्नुपर्ने हुन्छ । विद्यावारिधि शोधार्थीहरूको हकमा शोधपत्र बुझाई अन्तिम मूल्याङ्कनको चरणमा रहेको अवस्थामा भने यो बन्देज लागु हुने छैन । साथै स्वीकृत अध्ययन विदा समाप्त भै नसकेको अवस्थामा पनि यो बन्देज लागु हुने छैन ।

## परिच्छेद् ७

## तालिम बापत प्राप्त हुने अङ्क

### ७.१ तालिम अवधि र सो बापतको अङ्क

प्रतियोगिता हुने पदभन्दा एक तह मुनिको पदमा रही मान्यता प्राप्त संस्थाबाट लिएको आवेदित पदसाग सम्बन्धित तालिम बापत देहाय बमोजिम अङ्क दिइनेछ ।

| आवेदित पदसंग सम्बन्धित तालिम अवधि | पाउने अङ्क |
|---|---|
| ६ (छ) दिन वा सो भन्दा बढी तर ३० (तीस) दिन भन्दा कम अवधिको तालिमका लागि | १ |
| ३० (तीस) दिन वा सो भन्दा बढी तर ६० (साठी) दिन भन्दा कम अवधिको तालिमका लागि | ३ |
| ६० (साठी) दिन वा सो भन्दा बढी अवधिको तालिमका लागि | ५ |

### ७.२ तालिम अवधि र प्राप्त हुने अङ्क सम्बन्धमा थप व्यवस्था

(क) उपरोक्त अङ्क आवेदित पदभन्दा एक तह मुनिको पदमा रही लिएको तालिम बापत मात्र दिइनेछ । ६ (छ) दिन भन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिईने छैन ।

(ख) एक वा एक भन्दा बढी तालिमको अङ्क गणना गर्न सकिने छ, तर जम्मा तालिम बापत पाउने प्राप्ताङ्क पूर्णाङ्क भन्दा बढी हुने छैन ।

(ग) स्वदेश वा विदेशमा लिइएको तालिमलाई समान अङ्क दिइने छ । श्रेणी (Division) का आधारमा अङ्कमा भेदभाव गरिने छैन ।

(घ) विश्वविद्यालयमा कार्यरत कर्मचारीको हकमा विश्वविद्यालयको पूर्व स्वीकृति लिई विश्वविद्यालयबाट मान्यता प्राप्त संस्थाबाट लिइएको तालिमको लागि मात्र अङ्क प्रदान गरिने छ ।

(ङ) तालिम आवेदित विषयसाग सम्बन्धित हो वा होईन भन्ने विषयमा तथा मान्यता प्राप्त संस्थाबाट लिइएको हो वा होईन भन्ने सम्बन्धमा आयोगबाट निर्णय भए वमोजिम हुनेछ । यस सम्बन्धमा निर्णय गर्नु पूर्व आयोगले आवश्यक ठानेमा विशेषज्ञहरू समावेश भएको समिति गठन गर्न सक्नेछ ।

(च) घण्टाको आधारमा लिइएको तालिम भएदेखि ५ (पााच) घण्टा वरावर एक दिन मानिने छ ।

## परिच्छेद् ८

## लिखित परीक्षा

८.१ आन्तरिक प्रतियोगिता, खुल्ला प्रतियोगिता, र विशेष आन्तरिक प्रतिष्पर्धाको माध्यमद्वारा सहायक वा सो सरह र सो भन्दा माथिका कुनै पनि प्रशासनिक पदहरूमा नियुक्तिको लागि सिफारिस गर्न लिखित परीक्षा लिइनेछ ।

८.२ **कम्प्युटर प्रयोगसम्बन्धी ज्ञानको प्रयोगात्मक परीक्षा** सहायक वा सो सरह र सो भन्दा माथिका पदहरु (प्राविधिक पदहरु बाहेक) का लागि लिखित परीक्षा लिई स्थायी पदपूर्ति गर्दा कम्प्युटर प्रयोग सम्बन्धी ज्ञानको परीक्षण गरी योग्य ठहरिएका उम्मेदवारहरुलाई मात्र लिखित परीक्षामा सम्मिलित गराईने छ । कम्प्युटर प्रयोगसम्बन्धी ज्ञानको प्रयोगात्मक परीक्षाको पाठ्यक्रम सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**८.३ आन्तरिक प्रतियोगिता तथा विशेष आन्तरिक प्रतिष्पर्धा**

आन्तरिक प्रतियोगिता तथा विशेष आन्तरिक प्रतिष्पर्धा अन्तर्गत लिखित परीक्षा हुने विभिन्न पदहरुका उम्मेदवारहरुको लिखित परीक्षा लिनका निमित्त अधिकृत वा सो सरह र सो भन्दा माथिका पदहरुका निमित्त १५० पूर्णाङ्क (५०/५० पूर्णाङ्कका ३ पत्रहरु) तथा मुख्य सहायक वा सो सरह र सहायक वा सो सरहका पदहरुका निमित्त पूर्णाङ्क १०० ( ५०/५० पूर्णाङ्कका २ पत्रहरु) निर्धारण गरिनेछ ; तर अङ्क बिभाजनको प्रयोजनको लागि उत्तर पुस्तिका परीक्षण पछि सबै पत्रहरुको पूर्णाङ्क ४०/४० मा झारी सोही अनुसार प्राप्ताङ्क निकालिने छ । पद अनुसारको स्तर कायम रहने गरी कार्यकारी परिषद्को परामर्श लिई सेवा आयोगले सम्बन्धित विषय र स्तरको लिखित परीक्षाको पाठ्यक्रम तोक्नेछ । विशेष आन्तरिक प्रतिष्पर्धामा आवेदन दिने उम्मेदवारहरुको सिफारिसको लागि कूल पूर्णाङ्क तथा अङ्क बिभाजन खुल्ला प्रतियोगिता अन्तर्गत आवेदन दिने उम्मेदवारहरुको सरह हुने छ ।

**८.४ खुल्ला प्रतियोगिता**

खुल्ला प्रतियोगिता अन्तर्गत लिखित परीक्षा हुने विभिन्न पदहरुका उम्मेदवारहरुको लिखित परीक्षा लिनका निमित्त अधिकृत वा सो सरह र सो भन्दा माथिका पदहरुका निमित्त १५० पूर्णाङ्क (५०/५० पूर्णाङ्कका ३ पत्रहरु) तथा मुख्य सहायक वा सो सरह र सहायक वा सो सरहका पदहरुका निमित्त पूर्णाङ्क १०० (५०/५० पूर्णाङ्कका २ पत्रहरु) निर्धारण गरिनेछ । पद अनुसारको स्तर कायम रहने गरी कार्यकारी परिषद्को परामर्श लिई सेवा आयोगले सम्बन्धित विषय र स्तरको लिखित परीक्षाको पाठ्यक्रम तोक्नेछ ।

८.५ कुनै विशेष योग्यता चाहिने पद र प्राविधिकतर्फका पदहरुको लिखित परीक्षा लिनका निमित्त सेवा आयोगले छुट्टै पाठ्यक्रम निर्धारण गरी विज्ञापन प्रकाशित गर्न सक्नेछ ।

८.६ खुल्ला र समावेशीतर्फको समान विषय र पदको लिखित परीक्षा एकै समयमा एउटै प्रश्नबाट लिइनेछ । खुल्ला वा समावेशीतर्फका समान विषय र पदका जतिसुकै वर्गमा आवेदन दिए पनि लिखित परीक्षा र अन्तरवार्ता भने एकपटक मात्र दिनु पर्नेछ ।

८.७ लिखित परीक्षाको उत्तिर्णाङ्क ५० प्रतिशत हुनेछ ।

८.८ लिखित परीक्षामा उम्मेदवारहरूले प्राप्त गरेको बढी प्राप्ताङ्कको आधारमा नामको बर्णानुक्रम वा परीक्षा रोल नम्बर अनुसार सूची निर्धारण गरी अन्तर्वार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ । अन्तर्वार्ताका लागि योग्य उम्मेदवारहरूको नामावली प्रकाशित गर्दा उपलब्ध भएसम्म न्यूनतम ५ जना र अधिकतम रिक्त दरवन्दीको निम्न अनुसार प्रतिशत थप गरेर प्रकाशित गरिनेछ । प्रतिशत थप गर्दा संख्या दशमलवमा आएमा माथिल्लो पूर्ण अङ्क लिइने छ ।

| रिक्त पद संख्या | प्रतिशत थप उम्मेदवार |
|---|---|
| ३ देखि ८ भएमा | ७५ प्रतिशत |
| ९ वा सो भन्दा बढी जतिसुकै भएमा | ५० प्रतिशत |

८.९ प्रयोगात्मक परीक्षा हुने पदमा लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षाको लागि छनौट गर्ने व्यवस्था भएमा पद संख्या १ देखि ५ सम्म भएमा उपलब्ध भएसम्म ५ जना थप र ६ वा सो भन्दा बढी भएमा मागपद संख्याको दोब्बर संख्यामा उम्मेदवार छनौट गरिनेछ । तर पहिले प्रयोगात्मक परीक्षा लिएर योग्य भएकालाई मात्र लिखित परीक्षामा सामेल गर्ने व्यवस्था भएमा प्रयोगात्मक परीक्षामा सफल भएका सबै उम्मेदवारहरूलाई लिखित परीक्षामा सामेल गराइने छ । सवारी चालकको हकमा र अन्य तोकिएको अवस्थामा वाहेक प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क अन्यत्र कतै प्रयोग गरिने छैन ।

८.१० अन्तरवार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गर्ने क्रममा योग्यताक्रममा रहेका उम्मेदवारहरुमध्येबाट माथि ८.८ मा व्यवस्था भए अनुरुपको संख्यामा उम्मेदवारहरुको छनौट गर्दा योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्क एक भन्दा बढी उम्मेदवारहरुको समान रहेछ भने माथी ८.८ मा जेसुकै भनिएको भएता पनि योग्यताक्रममा परेका अन्तिम प्राप्ताङ्क समान भएका सबै उम्मेदवारहरुलाई लिखित परीक्षाको नतिजामा सामेल गरी अन्तरवार्ताको लागि सामेल गरिनेछ ।

८.११ लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा समान श्रेणीको अथवा सो भन्दा माथिल्लो श्रेणी वा पदमा पहिले नै सिफारिस भइ सकेको भए वर्तमान लिखित परीक्षाको नतिजाबाट तथा लिखित परीक्षाको नतिजा प्रकाशित भई अन्तरवार्ता मात्र बााकि रहेको भए अन्तरवार्ता सूचीबाट त्यस्ता उम्मेदवारको नाम हटाइनेछ । तर तल्लो श्रेणीको पदमा सिफारिस भएको भए माथिल्लो श्रेणी वा पदमा प्रतिष्पर्धा गर्न रोक लाग्ने छैन ।

८.१२ समान स्तरका विभिन्न पदका लागि एउटै समयमा भएको भिन्दा भिन्दै विज्ञापन वा एउटै विज्ञापन अन्तर्गतकै विभिन्न पदको लिखित परीक्षाको नतिजा प्रकाशित गर्नु परेमा पहिलेको नतिजाको नामावलीमा परेकामध्ये जतिजना उम्मेदवारको नाम त्यस पछि हुने अर्को पदको नतिजामा समाबेश छ त्यतिकै संख्यामा थप उम्मेदवारहरुको नाम समावेश गरी पछिल्लो नतिजा प्रकाशित गर्ने व्यवस्था हुनेछ । तर माथि ८.१० मा भएको व्यवस्था अनुरुप पहिले नै यस उपदफामा भएको व्यवस्था अनुरुपको संख्यामा उम्मेदवारहरुको नाम थप भई सकेको रहेछ भने अरु थप नाम समावेश गरिने छैन ।

८.१३ विभिन्न पदका निमित्त समावेशी समेत आधारमा पूर्ति गर्ने गरी भएको विज्ञापनको एउटै विषयको लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा सबैभन्दा पहिले खुल्ला समूहका उम्मेदवारहरुको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः पिछडिएको क्षेत्र, अपाङ्ग, दलित, मधेशी, आदिवासी/जनजाति, र अन्त्यमा महिला वर्ग/समूहका उम्मेदवारहरुको नामावली दफा ८.१२ मा भएको व्यवस्था अनुसार नाम थप गरेर प्रकाशित गरिनेछ ।

## परिच्छेद् ९

## कार्यसम्पादन र प्रशासनिक क्षमता मूल्याङ्कन

९.१ विश्वविद्यालयले आफ्ना सबै कर्मचारीको हरेक वर्षको असार मसान्त सम्ममा कार्य सम्पादन र प्रशासनिक क्षमताको तोकिएको ढाचामा मूल्याङ्कन गरी गोप्य रुपमा राख्ने व्यवस्था गर्नेछ । यस्तो कार्य सम्पादन अङ्क मध्ये विज्ञापन प्रकाशित भए पछि बढीमा पछिल्लो चार वर्षको कार्य सम्पादन मूल्याङ्कनको औसत अङ्क कायम गरिनेछ ।

९.२ माथि ९.१ मा तोकिएको व्यवस्था लागु नहुन्जेलसम्मका निमित्त विज्ञापन प्रकाशित भए पछि हरेक कर्मचारीले सेवा आयोगबाट तोकिएको ढाचामा (अनुसूची ३ अनुसार) अन्तिम एक आर्थिक वर्षको आफ्नो व्यक्तिगत विवरण भरी तोकिएको अधिकारी समक्ष कार्यसम्पादन मूल्याङ्कनार्थ बुझाउनु पर्नेछ । सम्बन्धित अधिकारीले निज कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी गोप्य सिलबन्दी गरेर सेवा आयोगमा पठाउनु पर्नेछ । सम्बन्धित कर्मचारीको हातमा सो कार्यसम्पादन मूल्याङ्कन फाराम दिनु हुदैन ।

९.३ बढुवाको लागि कार्य सम्पादन र प्रशासनिक क्षमता मूल्याङ्कनको पूर्णाङ्क २० हुनेछ । यसको अङ्क विभाजन देहाय बमोजिम हुनेछ :

(क) सुपरीवेक्षकले ९ (नौ) अङ्कमा,

(ख) प्रमुख मूल्याङ्कनकर्ताले ७ (सात) अङ्कमा, र

(ग) पुनर्मूल्याङ्कन ⁄ पुनरावलोकनकर्ताले ४ (चार) अङ्कमा ।

९.४ तीनवटै मूल्याङ्कन छुट्टाछुट्टै हुनेछन् ।

९.५ आन्तरिक प्रतियोगिताको लागि कार्य सम्पादन र प्रशासनिक क्षमता मूल्याङ्कनको पूर्णाङ्क १० हुनेछ । यसको लागि यसै परिच्छेद्मा उल्लेख भए अनुसार प्राप्त अङ्कलाई २ ले भाग गरी निकालिने छ ।

**९.६ मूल्याङ्कनकर्ता अधिकारी**

(क) केन्द्रमा उपकुलपतिको कार्यालय (सचिवालय) अन्तर्गत कार्यरत कर्मचारीहरु र उपकुलपतिको प्रत्यक्ष मातहतका शाखा-महाशाखा प्रमुखहरुको मूल्याङ्कन सुपरिवेक्षकका रुपमा र प्रमुख मूल्याङ्कनकर्ताका रुपमा पनि उपकुलपतिबाट, सेवा आयोगको कार्यालय अर्न्तगत कार्यरत कर्मचारीहरुको मूल्याङ्कन सुपरिवेक्षकका रुपमा र प्रमुख मूल्याङ्कनकर्ताका रुपमा पनि सेवा आयोगका अध्यक्षबाट र रजिष्ट्रारको कार्यालय (सचिवालय) अर्न्तगत कार्यरत कर्मचारीहरु र रजिष्ट्रारको प्रत्यक्ष मातहतका शाखा-महाशाखा प्रमुखहरुको मूल्याङ्कन सुपरिवेक्षकका रूपमा र प्रमुख मूल्याङ्कनकर्ताका रुपमा पनि रजिष्ट्रारबाट हुनेछ । तर कुनै उम्मेदवारद्वारा आफ्नो मूल्याङ्कन ⁄ पुनर्मुल्याङ्कन निष्पक्ष हुन नसक्ने भनी लिखित निवेदन पेस गरेमा उक्त उम्मेदवारको पुनर्मूल्याङ्कन उपकुलपतिबाट हुनेछ । यी पदाधिकारीहरुले गरेको दुबै मूल्याङ्कनको ९ .७ . १६ अङ्कको मूल्याङ्कनलाई १.२५ ले गुणन गरी २० पूर्णाङ्कमा प्राप्ताङ्क निकालिनेछ ।

(ख) विश्वविद्यालयका अन्य कार्यालय ⁄ निकायहरूमा कार्यरत कर्मचारीहरुको मूल्याङ्कन तपसिल बमोजिम हुने छ ।

- सम्बन्धित शाखा/युनिट प्रमुखबाट सुपरिवेक्षकका रुपमा ९ अङ्कमा मूल्याङ्कन गर्नेछन् ।
- सम्वन्धित निकाय प्रमुखबाट प्रमुख मूल्याङ्कनकर्ताका रुपमा ७ अङ्कमा मूल्याङ्कन गर्नेछन् ।
- पूनर्मूल्याङ्कन/पुनरावलोकनकर्तावाट ४ अङ्कमा मूल्याङ्कन गर्नेछन् ।

(उपकुलपतिको प्रत्यक्ष मातहतका शाखा/महाशाखाका कर्मचारीहरूको पुनर्मुल्याङ्कन उपकुलपतिबाट, सेवा आयोग मातहतका शाखा/महाशाखाका कर्मचारीहरूको पुनर्मूल्याङ्कन अध्यक्षबाट र सहप्रमुख अधिकृत तह सम्मका अन्य सबै कर्मचारीहरूको पुनर्मूल्याङ्कन रजिष्ट्रारबाट हुनेछ । सहप्रमुख अधिकृत भन्दा माथिका पदका अन्य सबै कर्मचारीहरूको पुनर्मूल्याङ्कन भने उपकुलपतिबाट हुनेछ । )

९.७ कुनै कार्यालयमा शाखा वा युनिटको व्यवस्था नभएको वा भए पनि अधिकृत स्तरको कर्मचारी नभएको वा एउटै पदका निमित्त शाखा वा युनिट प्रमुख स्वयं प्रतिस्पर्धी भएको अवस्थामा सो निकाय वा कार्यालयका सो पदका सबै कर्मचारीहरुको हकमा सम्बन्धित निकाय प्रमुखले नै सुपरिवेक्षकका रुपमा र प्रमुख मूल्याङ्कनकर्ताका रुपमा पनि त्यस्ता कर्मचारीहरुको मूल्याङ्कन गर्नु पर्नेछ । सम्बन्धित निकाय प्रमुख स्वयम् प्रतिस्पर्धी भएका निकाय वा कार्यालयका सो पदका सबै कर्मचारीहरुको मूल्याङ्कन सुपरिवेक्षकका रुपमा र प्रमुख मूल्याङ्कनकर्ताका रुपमा पनि पुनर्मुल्याङ्कनकर्ताबाट हुनेछ ।

९.८ कारण जनाउनु पर्ने : दिइएका सबै बुदाहरुमा जुनसुकै श्रेणीबाट मूल्याङ्कन भएको भए पनि हरेक बुदाहरुमा कारण जनाउनु पर्दैन; तर त्यसको कूल अङ्क ८० प्रतिशत भन्दा बढी वा ४० प्रतिशत भन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने मूल्याङ्कनकर्ताले एकमुष्ट कारण जनाउनु पर्नेछ । कारण नजनाई ८० प्रतिशत भन्दा बढी हुने गरी मूल्याङ्कन भएको रहेछ भने अधिकतम ८० प्रतिशत अङ्क र कारण नजनाई ४० प्रतिशत भन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने न्यूनतम ४० प्रतिशत अङ्क प्रदान गरिने छ । त्यस्तै पूनर्मूल्याङ्कन/पुनरावलोकनकर्ताबाट प्रदान गरिने एकमुष्ट अङ्कमा पनि यहि प्रक्रिया लागू हुनेछ ।

९.९ सबै बुदामा अनिवार्य रेजा लगाई मूल्याङ्कन गर्नु पर्नेछ । कुनै बुदामा रेजा लगाएको नपाइएमा सो बुदामा सन्तोषजनक स्तर कायम गरिनेछ ।

९.१० तीनै जना मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्क जोड्दा उम्मेदवारको कार्य सम्पादन मूल्याङ्कनको कूल अङ्क तोकिएको पूर्णाङ्कको ४० प्रतिशत भन्दा कम भएमा न्यूनतम ४० प्रतिशत अङ्क नै कायम हुने छ ।

९.११ कार्य सम्पादन मूल्याङ्कन फारामको ढाचा अनुसूची ३ मा दिइएको छ ।

## परिच्छेद् १०

## अन्तरवार्ता

१०.१ सेवा आयोगको विज्ञापन बमोजिम प्रतियोगिता हुने सबै पदको लागि अन्तरवार्ता अनिवार्य हुनेछ ।

१०.२ अन्तरवार्ता सम्बन्धी सूचना प्रतियोगिता हुने दिन भन्दा कम्तीमा १५ दिन अगाडि राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिनेछ ।

१०.३ आन्तरिक तथा खुल्ला प्रतियोगितामा अन्तरवार्ताका लागि निर्धारित २० अङ्कको विभाजन देहाय बमोजिम हुनेछ ।

| पद | विज्ञहरुको न्यूनतम संख्या | अन्तरवार्ता पूर्णाङ्क | | |
|---|---|---|---|---|
| | | सेवा आयोगका अध्यक्ष/सदस्यहरु | विशेषज्ञहरु | जम्मा |
| सह प्रमुख अधिकृत वा सो सरह र सो भन्दा माथि | ३ | ४ | १६ | २० |
| अन्य सबै पदहरुमा | २ | ४ | १६ | २० |

**१०.४ विशेषज्ञ सम्बन्धी व्यवस्था**

(क) विशेषज्ञहरु कार्यकारी परिषद्बाट सिफारिस गरेको रोष्टरमा रहेका मध्येबाट सेवा आयोगले तोके अनुसार हुनेछ । रोष्टरमा भएका सम्बन्धित विशेषज्ञहरु उपलब्ध हुन नसकेमा रोष्टरमा भएका व्यक्ति मध्येबाट विषयसाग मिल्दो विशेषज्ञ तोक्न सकिनेछ । अन्तरवार्तामा विज्ञ छनौट गर्दा पाइएसम्म सम्बन्धित क्षेत्रका वरिष्ठतम व्यक्तिहरुलाई प्राथमिकताको सूचीमा राखेर छनौट गरिनेछ ।

(ख) वरिष्ठ अधिकृत वा सो सरह र सो भन्दा माथिका पदको अन्तरवार्तामा विशेषज्ञ नियुक्त गर्दा कम्तीमा एकजना विषय विज्ञ विश्वविद्यालय सेवामा वहालमा नरहेका व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ ।

(ग) सेवा आयोगमा कार्यरत कर्मचारीहरु सेवा आयोगले लिएको अन्तरवार्तामा विशेषज्ञको रुपमा नियुक्त हुन सक्ने छैनन् ।

(घ) सेवा आयोगबाट सञ्चालित कर्मचारीको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा वा अन्तरवार्ता जस्ता कुनै पनि प्रतियोगात्मक परीक्षामा वरिष्ठ अधिकृत वा सो सरह भन्दा तल्लो पदका कर्मचारीहरु विशेषज्ञ बन्न सक्ने छैनन् ।

(ङ) अधिकृत वा सो सरह र बरिष्ठ अधिकृत वा सो सरहका पदहरुका लागि प्रमुख अधिकृत वा सह प्रमुख अधिकृत वा प्राध्यापक वा सह-प्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका प्रथम श्रेणी वा सो भन्दा माथिका विषय विज्ञ मात्र र सह प्रमुख अधिकृत र प्रमुख अधिकृत वा सो सरहका पदहरुका लागि प्रमुख अधिकृत वा प्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका विशिष्ट श्रेणीका विषय विज्ञ मात्र विशेषज्ञ बन्न सक्नेछन् ।

(च) अन्तरवार्तामा बस्ने अध्यक्ष, सदस्य तथा विशेषज्ञहरुको पति-पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइ, धर्मपुत्र र धर्मपुत्री, नाति-नातिना, बाबु-आमा वा सौतेनी आमा, सहोदर दाजुभाइ र निजका पत्नी एवं उनीहरुका छोराछोरीहरु, सहोदर दिदिबहिनी र निजका पति एवं उनीहरुका छोराछोरी, तथा सासू-ससुरा र उनीहरुका छोरा-बुहारी एवं छोरी-ज्वाइ मध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता पर्ने व्यक्ति वा पदाधिकारी सो पदको कुनै पनि दिनको अन्तरवार्तामा विशेषज्ञको रुपमा नियुक्त हुन सक्ने छैनन् ।

(छ) सेवा आयोगका अध्यक्ष र सदस्यहरुले दिएको अङ्कको औसत र विशेषज्ञहरुले दिएको अङ्कको औसत जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेदवारको अन्तरवार्ताको प्राप्ताङ्क हुनेछ ।

(ज) सेवा आयोगका अध्यक्ष, सदस्यहरु वा विषय विशेषज्ञले उम्मेदवारलाई अन्तरवार्ताको पूर्णाङ्कको ७५ प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अङ्क दिनु परेमा सो को कारण जनाउनु पर्नेछ । यसरी कारण नखोली अङ्क दिएको पाइएमा बढीमा ७५ प्रतिशत र कममा ४० प्रतिशत अङ्क दिएको मानी गणना गरिने छ । साथै कारण खोलेर पूर्णाङ्कको ७५ प्रतिशत भन्दा बढि र ४० प्रतिशत भन्दा कम अङ्क दिएको अवस्थामा पनि सेवा आयोगका अध्यक्ष, सदस्यहरु तथा विषय विशेषज्ञहरु समेत गरी अन्तरवार्ता समितिका ५० प्रतिशत भन्दा बढि सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा तोकिएकै अधिकतम वा न्यूनतम अङ्क मात्र गणना गरिनेछ ।

(झ) खुल्ला प्रतियोगिता अन्तर्गत सिफारिस गर्ने क्रममा कुनै उम्मेदवारको अन्तरवार्ताको प्राप्ताङ्क अन्तरवार्ताको पूर्णाङ्कको ४० प्रतिशत भन्दा कम भएमा उम्मेदवार सिफारिस हुने छैन ।

## परिच्छेद ११

## सिफारिस

### ११.१ योग्यताक्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्था

(क) उम्मेदवारहरुले प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यता क्रमको सूची तयार गरिने र तोकिएको दरवन्दीको आधारमा नतिजा प्रकाशन गरिनेछ । प्रतियोगितामा सफल भएका प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल अङ्क प्रकाशित गरिनेछ ।

(ख) आफुले प्राप्त गरेको अङ्क सन्तोषजनक नलागे प्रत्येक उम्मेदवारले सेवा आयोग समक्ष पुनर्योगको माग गर्न सक्नेछ । यस्तो माग गर्ने व्यक्तिले आवेदन दस्तुरको पच्चिस प्रतिशत दस्तुर बुझाएको रसिद सहित नतिजा प्रकाशन भएको मितिले सात दिन भित्र सेवा आयोगमा निवेदन दिनु पर्ने छ । निवेदन दिएको सामान्यतया सात दिन भित्र सेवा आयोगले यस सम्बन्धी कामको किनारा लगाइ सक्नेछ ।

(ग) आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिको लागि सेवा आयोगबाट गरिएको सिफारिस उपर चित्त नबुझेमा म.प.वि. शिक्षक–कर्मचारी नियमावली २०६९ को नियम ६ को उपनियम (४) बमोजिम म.प.वि. सेवा आयोगद्वारा सिफारिस गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय पुनरावेदन आयोग समक्ष उजुरी गर्न सकिनेछ ।

(घ) आन्तरिक प्रतियोगिताबाट हुने पदोन्नतिका सिलसिलामा कुनै पनि कर्मचारी तह नाघी माथिल्लो पदका लागि उम्मेदवारी दिन पाउने छैन ।

### ११.२ खुल्ला प्रतियोगिता अन्तर्गत उम्मेदवार सिफारिस गर्ने सम्बन्धमा थप व्यवस्था

(क) खुल्ला प्रतियोगिता अन्तर्गत पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा खुल्लातर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्राथमिकतामा राखी नतिजा प्रकाशित गरिनेछ । त्यसपछि समावेशी वर्ग अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रको नतिजा प्रकाशित गरिने र त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधेशी, आदिवासी/जनजाति, र महिला वर्ग/समूहको नतिजा प्रकाशित गरिनेछ । खुल्ला वा समावेशी तर्फको कुनै एक वर्ग/समूहमा नाम सिफारिस भएपछि अरु वर्ग/समूहबाट नाम स्वतः हटाइने छ ।

(ख) समावेशीतर्फ कुनै वर्गबाट उत्तिर्ण आवेदक नभएमा समावेशी वर्गमध्ये निकटतम उपल्लो वर्ग (Ascending order) को उच्चतम् अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गरिनेछ । यसरी उच्चतम् अङ्क प्राप्त गर्ने उम्मेदवारको छनौट गर्दा सो वर्ग/समूहका निमित्त छुट्टयाइएको दरवन्दीमा कुनै असर पर्ने छैन ।

(ग) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ छुट्टयाइएको पदमा लिखित वा अन्तरवार्ताबाट उपयुक्त उम्मेदवार सिफारिस हुन सक्ने अवस्था नरहेमा त्यस्तो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेस गरी पदपूर्ति गरिनेछ ।

**११.३ बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरुको योग्यताक्रम सूची सम्वन्धी व्यवस्था**

(क) आन्तरिक प्रतियोगितामा उम्मेदवारहरुको कूल प्राप्ताङ्क बराबर हुन आएमा आवेदित पदभन्दा एक तह मुनिको पदमा स्थायी भएको वा पदोन्नति भएको जेष्ठताको आधारमा र सो पनि बराबर भएमा लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कको आधारमा गरिनेछ । सो पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ । शैक्षिक योग्यतामा पनि बराबर भएमा अन्तरवार्तामा विशेषज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा र सोबाट पनि जेष्ठता नछुटिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ ।

(ख) खुल्ला प्रतियोगितामा उम्मेदवारहरुको कूल प्राप्ताङ्क बराबर हुन आएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ । शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा लिखित परीक्षा हुने पद भए लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कको आधारमा गरिनेछ । सो पनि बराबर भएमा वा लिखित परीक्षा नहुने पद भए अन्तरवार्तामा विशेषज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा र सोबाट पनि वरिष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ ।

**११.४ सिफारिस बदर हुने अवस्था**

क) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुठ्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ ।

ख) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भूलचूक भई पहिले सिफारिस वा नियुक्ति समेत भैसकेको कुनै उम्मेदवार सिफारिस वा नियूक्ति हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस वदर गर्न सक्नेछ ।

ग) आन्तरिक प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदरवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजिनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फाराम तथा सिफारिस भई सकेको भए सो सिफारिस समेत स्वतः रद्द हुनेछ ।

घ) विश्वविद्यालयको स्वीकृति बेगर अन्यत्र काम गरेको पाइएमा ।

## परिच्छेद् १२

## विविध

### १२.१ परीक्षाको मर्यादा कायम गर्नु पर्ने

प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुठ्ठा विवरण दिएमा वा लिखित परीक्षा वा प्रयोगात्मक परीक्षा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले निजको सो विज्ञापनमा परेको आवेदन फाराम लगायतका सवै कुरा रद्द गरी त्यस्तो उम्मेदवारलाई निजको कसूर हेरी सेवा आयोगबाट लिईने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि (बढीमा पााच बर्ष सम्म) भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

### १२.२ उम्मेदवार हुन नपाउने अवस्था

शिक्षक-कर्मचारी नियमावली-२०६९ को नियम ६ को उपनियम (९) अनुसार देहायको अवस्थामा कुनै पनि व्यक्ति विश्वविद्यालय सेवाका लागि खोलिएको विज्ञापनमा उम्मेदवार हुन पाउने छैन ।

(क) अधिकृत स्तरभन्दा मुनिको पदका लागि १८ वर्ष पुरा नभएको ।

(ख) अधिकृतस्तरका कर्मचारीतर्फका पदमा २१ वर्ष उमेर पुरा नभएको ।

(ग) उमेरको हकमा ४५ (पैचालिस) वर्ष पुरा भइ सकेका, तर मान्यता प्राप्त विश्वविद्यालयमा कार्यरत पूर्णकालीन कर्मचारी र मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा स्थायी, अस्थायी, करार वा काज सेवामा रहेका कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

(घ) विश्वविद्यालय सेवा वा सरकारी सेवाको निमित अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएको व्यक्ति ।

(ङ) गैर नेपाली नागरिक ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।

(छ) निलम्बन फुकुवा नहुञ्ज्याल सम्म निलम्बनमा परेका व्यक्ति ।

### १२.३ आन्तरिक प्रतियोगिताको लागि उम्मेदवार हुन नपाउने थप अवस्था

देहायको अवस्थामा देहायको अवधिभर विश्वविद्यालयको कुनै पनि कर्मचारी आन्तरिक प्रतियोगिताको लागि उम्मेदवार हुन वा रहन पाउने छैन ।

(क) निलम्वन भएकोमा निलम्वन भएको अवधि भर ।

(ख) बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधि भर

(ग) तलव, ग्रेड वृद्धि रोक्का भएको भए त्यसरी रोक्का भएको अवधि भर ।

(घ) हालको पदमा ३ पटकसम्म नसियत पाएको भए अन्तिम पटक नसियत पाएको मितिले एक वर्ष सम्म ।

(ङ) विश्वविद्यालयको स्वीकृति नलिई शिक्षण वा सरकारी/गैरसरकारी सङ्घ संस्थामा काम गर्ने व्यक्ति ।

(च) सेवा समूह परिवर्तन भए त्यसरी सेवा समूह परिवर्तन भएको १ वर्षसम्म बढुवाका लागि उम्मेदवार हुन पाउने छैन । तर एक वर्ष पूरा भएपछि समान पदमा अन्य सेवामा गरेको अवधि पनि गणना गरिनेछ । यस प्रावधानले आन्तरिक प्रतियोगिताको लागि उम्मेदवार हुन रोक लाग्ने छैन ।

**१२.४ व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने व्यवस्था**

(क) यस कर्मचारी नियुक्ति एवं बढुवा सिफारिस कार्यविधिमा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा सेवा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) यो कार्यविधिको अन्तिम व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

## अनुसूची १

## समावेशीका प्रकार तथा आधार

( खुल्ला प्रतियोगिताको प्रयोजनको लागि )

समावेशी तर्फ छुट्टयाइएका पदमा दरखास्त दिंदा देहायका आधारमा दिनु पर्नेछ ।

**१. आदिवासी/जनजातिका हकमा :**

आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरुभएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

**२. मधेसीका हकमा :**

मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

**३. दलितका हकमा :**

दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

**४. अपाङ्गका हकमा :**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा, साथै सो पत्रमा अपाङ्गताको किसिम समेत खुलेको हुनु पर्नेछ ।

**५. पिछडिएको क्षेत्रको हकमा :**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र र समूहबाट आवेदन दिनेहरूले उल्लेखित जिल्लामा स्थायी बसोवास भएको उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउा विकास समिति वा नगरपालिकाबाट हाल सोहि स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको नागरिकताको प्रमाणपत्र नम्बर समेत खुलेको पत्र दरखास्तसाथ पेश गर्नुपर्ने छ । विज्ञापन प्रकाशित भएको मितिले एक वर्ष भन्दा पुरानो यस्तो पत्रलाई मान्यता दिइने छैन ।

## अनुसूची २

## न्यूनतम योग्यता

१. विश्वविद्यालयको प्रशासनिक तथा लेखा सम्बन्धी सेवामा आवेदन दिनको लागि नागरिकता, उमेर तथा नैतिक शुद्धता सम्बन्धी न्यूनतम योग्यता निम्नानुसार हुनेछ ।

(क) नेपाली नागरिक हुनुपर्ने ।

(ख) अधिकृत भन्दा मुनिको पदको लागि १८ वर्ष पुरा भएको तर अधिकृत स्तरका कर्मचारी तर्फका पदका लागि २१ वर्ष पुरा भएको हुनुपर्ने ।

(ग) उमेरको हकमा ४५ (पैचालिस) वर्ष पुरा भइ सकेका, तर मान्यता प्राप्त विश्वविद्यालयमा कार्यरत पूर्णकालीन कर्मचारी र मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा स्थायी, अस्थायी, करार वा काज सेवामा रहेका कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

(घ) कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

(ङ) सरकारी सेवा वा विश्वविद्यालय सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको व्यक्ति हुनुपर्ने ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएका व्यक्ति हुनुपर्ने ।

(छ) निलम्बन भएको भए निलम्बन अवधिभर ।

(ज) विश्वविद्यालयबाट कारबाहीमा परेको भए देखि तोकिएको कारबाही अवधिभर ।

२. विश्वविद्यालयको प्रशासनिक तथा लेखा सम्बन्धी सेवामा आवेदन दिनको लागि शैक्षिक तथा अनुभव सम्बन्धी न्यूनतम योग्यता निम्न अनुसार हुनेछ । शैक्षिक योग्यताको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक उपाधि (श्रेणी वा ग्रेड समेत खुलेको) सम्बन्धित निकायबाट मान्यता भएको प्रमाणित प्रतिलिपि पनि पेश गर्नु पर्नेछ । अन्यथा आवेदन फाराम स्वीकार गरिने छैन ।

(क) **कार्यालय सहयोगी, माली, स्वीपर, तथा गार्ड** पदको लागि

(अ) सामान्य लेखपढ गर्न जान्ने ।

(ख) **सवारी चालक** पदको लागि

(अ) सामान्य लेखपढ गर्न जान्ने ।

(आ) सवारी चालक अनुमतिपत्र प्राप्त गरेको ।

(ग) **सहायक** पदको लागि

(अ) प्रवेशिका परीक्षा वा सो सरह उत्तिर्ण गरेको ।

(आ) Word Processing मा नेपाली र अंग्रेजी टाइप गर्न जानेको ।

(घ) **मुख्य सहायक** पदको लागि

(अ) प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।

(आ) Word Processing मा नेपाली र अंग्रेजी टाइप गर्न जानेको ।

(ङ) **अधिकृत (तृतीय श्रेणी)** पदको लागि

(अ) स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।

(आ) Word Processing मा नेपाली र अंग्रेजी टाइप गर्न तथा Data Processing Software र Presentation Software समेत चलाउन जानेको ।

(च) **वरिष्ठ अधिकृत (द्वितीय श्रेणी)** पदको लागि

(अ) स्नातक तह उत्तिर्ण गरेको ।

(आ) अधिकृत पदमा कम्तीमा ५ (पााच) वर्ष काम गरेको प्रशासनिक अनुभव भएको (आन्तरिक प्रतियोगिताको लागि) ।

(इ) Word Processing मा नेपाली र अंग्रेजी टाइप गर्न तथा Data Processing Software, Presentation Software र Email/Internet समेत चलाउन जानेको ।

(छ) **सह प्रमुख अधिकृत (प्रथम श्रेणी)** पदको लागि

(अ) स्नातक तह उत्तिर्ण गरेको ।

(आ) वरिष्ठ अधिकृत पदमा कम्तीमा ५ (पााच) वर्ष काम गरी प्रशासनिक अनुभव भएको ( आन्तरिक प्रतियोगिताको लागि) ।

(इ) Word Processing मा नेपाली र अंग्रेजी टाइप गर्न तथा Data Processing Software, Presentation Software र Email/Internet समेत चलाउन जानेको ।

(ज) **प्रमुख अधिकृत (विशिष्ठ श्रेणी)** पदको लागि

(अ) स्नातक तह उत्तिर्ण गरेको ।

(आ) सह प्रमुख अधिकृत पदमा कम्तीमा ५ (पााच) वर्ष काम गरी प्रशासनिक अनुभव भएको ।

(इ) Word Processing मा नेपाली र अंग्रेजी टाइप गर्न तथा Data Processing Software, Presentation Software र Email/Internet समेत चलाउन जानेको ।

**द्रष्टव्य** :

१. लेखा सम्बन्धी पदको हकमा अधिकृत श्रेणीको लागि वाणिज्य, व्यवस्थापन, व्यवसायिक प्रशासन वा सो सरहको विषयमा नै स्नातक तह उत्तिर्ण गरेको हुनुपर्नेछ र लेखा समूहको मुख्य सहायक पदको लागि वाणिज्य, व्यवस्थापन, व्यवसायिक प्रशासन वा सो सरहको विषयमा नै प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ । साथै कानून सम्बन्धि पदको हकमा अधिकृत श्रेणीको लागि कानुन विषयमा स्नातक (बि.एल., एल.एल. बि. वा बि.ए. एल. एल. बि.), सूचना प्रविधि तर्फको अधिकृत पदको लागि कम्प्युटर इन इन्जिनियरिङ (बि.ई.) वा बि.एससी.सी.एस.आई.टी. वा बि. एड. इन कम्युनिकेशन, इन्फरमेशन एण्ड टेक्नोलोजी, स्वास्थ्य तर्फको मुख्य सहायक पदको लागि स्टाफ नर्स वा एच. ए., मुख्य सहायक (ल्याब) को लागि सम्बन्धित विषयमा आइ.एस.सी. वा बिज्ञानतर्फको १०+२ वा इन्जिनियरिंग इन डिप्लोमा (आई.ई.) र कम्प्युटर तर्फको मुख्य सहायक पदको लागि डिप्लोमा इन कम्प्युटर इन्जिनियरिंग वा कम्प्युटरतर्फको १०+२ उत्तीर्ण वा १०+२ उत्तीर्ण गरी नेपाल सरकारको कम्प्युटर सम्बन्धी तालिम प्रदान गर्ने सँस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर इन डिप्लोमा कोर्ष पूरा गरेको वा सो सरह हुनेछ ।

२. आन्तरिक पदोन्नतिका सिलसिलामा कुनै पनि कर्मचारी तह नाघी माथिल्लो पदका लागि उम्मेदवारी दिन पाउने छैन ।

३. आन्तरिक पदोन्नतिका लागि आवेदन गर्ने कर्मचारीले हालको पदमा कम्तीमा ५ (पाँच) वर्ष स्थायी रुपमा काम गरेको हुनुपर्नेछ ।

४. समायोजन र रुपान्तरण भई आएका लेखामा काम गर्ने कर्मचारीहरुलाई जुनसुकै विषयमा योग्यता भए पनि सो योग्यताको आधारमा एक पटक मात्र पदोन्नतिको लागि अवसर दिइने छ ।

## अनुसूची ३

## कार्यसम्पादन र प्रशासनिक क्षमता मूल्याङ्कन

आन्तरिक प्रतियोगिताको लागि आवेदन दिने कर्मचारीहरुले निम्न विवरण भरी सम्बन्धित निकाय प्रमुखलाई मूल्याङ्कनार्थ उपलब्ध गराउनु पर्नेछ । एकपल्ट विवरण भरी निकाय प्रमुख समक्ष प्रस्तुत भएको कार्यसम्पादन मूल्याङ्कन फाराम सम्बन्धित कर्मचारीको हातमा दिनु हुदैन ।

निकाय प्रमुखले सुपरिवेक्षकको हैसियतमा सम्बन्धित कर्मचारीको ९ (नौ) पूर्णाङ्कमा मूल्याङ्कन गरी उक्त फाराम गोप्य रूपमा प्रमुख मूल्याङ्कनकर्तालाई दिनु पर्नेछ र प्रमुख मूल्याङ्कनकर्ताले सम्बन्धित कर्मचारीको ७ (सात) पूर्णाङ्कमा मूल्याङ्कन गरी उक्त फाराम गोप्य सिलबन्दी गरेर सेवा आयोगमा पठाउनु/बुझाउनु पर्नेछ । सम्बन्धित कर्मचारीको हातमा सो कार्यसम्पादन मूल्याङ्कन फाराम दिनु हुदैन; अन्यथा समग्रमा सन्तोषजनक स्तर (५० प्रतिशत अङ्क) कायम गरी अङ्क प्रदान गरिनेछ ।

*सुपरिवेक्षक तथा प्रमुख मूल्याङ्कनकर्ताले मूल्याङ्कन गर्दा सिसा-कलम वा टिपेक्सको प्रयोग तथा केरमेट गर्नु हुदैन; यदि यस्तो गरेको पाइएमा टिपेक्स लगाएको वा केरमेट भएको समेत मध्येबाट बढी अङ्क प्रदान गरिनेछ ।*

**आवेदित पद :** **विज्ञापन नं. :**

......................................................................................................................................................

**१. व्यक्तिगत विवरण :**

कर्मचारीको नाम :

जन्म मिति :

हालको पद :

हालको पदमा नियुक्ति मिति : सेवा समूह :

सुरु स्थायी नियुक्ति मिति :

हालको संगठन/निकायमा सेवा शुरु गरेको मिति :

२. सबैभन्दा माथिल्लो शैक्षिक योग्यता :

३. तालिम, गोष्ठी आदिमा भाग लिएको विवरण (हालको पदमा नियुक्ति भए पश्चात) :

४. आफ्नो कार्यस्तर अभिवृद्धिका लागि गरेको कामहरुको विवरण :

५. मान, पदवी, पुरस्कार आदि पाएको भए उल्लेख गर्ने :

६. विभागीय कारवाही भएको भए उल्लेख गर्ने :

आवेदकको सही :

मिति : ... / ... / २०७ ...

**सुपरीवेक्षकले भर्ने फाराम**

यो मूल्याङ्कन ९ (नौ) पूर्णाङ्कमा हुनेछ । सुपरीवेक्षकका हैसियतले कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न देहाय अनुसार उत्कृष्ट, राम्रो, सन्तोषजनक, र ठीकै श्रेणीका ९ (नौ) वटा बुदाहरु दिइएको छ । मूल्याङ्कनकर्ताले प्रत्येक बुदामा दिइएको उचित श्रेणीमा रेजा ( √ ) चिन्ह लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुनेछ । कुनै कोठामा रेजा नलगाएको पाइएमा त्यसमा सन्तोषजनक स्तर कायम हुनेछ । श्रेणीको बिभाजन तथा त्यसमा प्रदत्त अङ्क तालिकामै दिइएको छ ।

| क.सं. | वैयक्तिक गुणहरु | उत्कृष्ट<br>१.०० | राम्रो<br>०.७५ | सन्तोषजनक<br>०.५० | ठीकै<br>०.२५ |
|---|---|---|---|---|---|
| १. | नैतिकता र आचरण | | | | |
| २. | परिपक्वता | | | | |
| ३. | समयको पालना | | | | |
| ४. | कार्यप्रति उत्साह र लगनशिलता | | | | |
| ५. | कार्य सम्पादन तथा निणय गर्न सक्ने क्षमता | | | | |
| ६. | अरु कर्मचारीसंग मिलेर काम गर्ने क्षमता | | | | |
| ७. | तोकिएको कार्य सम्पादन स्तर | | | | |
| ८. | समस्या र समाधान | | | | |
| ९. | निर्देशनको पालना | | | | |
| जम्मा प्राप्ताङ्क अङ्कमा : ………………… अक्षरमा : …………………………………… | | | | | |
| कूल प्राप्ताङ्क ८० प्रतिशत (७.२ अङ्क) भन्दा बढी वा ४० प्रतिशत (३.६ अङ्क) भन्दा कम दिएमा औचित्यपूर्ण कारण जनाउनु पर्ने छ । औचित्यपूर्ण कारण नजनाई कूल प्राप्ताङ्क ८० प्रतिशत भन्दा बढी वा ४० प्रतिशत भन्दा घटी दिएको पाईएमा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क नै कायम हुने छ । ……………………………………………………………<br>…………………………………………………………… | | | | | |
| मूल्याङ्कनकर्ताको नाम : सही : | | | | | |

माथि सुपरीवेक्षकका हैसियतले मूल्याङ्कन गर्ने अधिकृत सम्बन्धित कर्मचारी कार्यरत शाखा युनिटका प्रमुख हुन भनी प्रमाणित गरिन्छ ।

……………………

निकाय प्रमुख

**प्रमुख मूल्याङ्कनकर्ताले भर्ने फाराम**

यो मूल्याङ्कन ७ (सात) पूर्णाङ्कमा हुनेछ । प्रमुख मूल्याङ्कनकर्ताको हैसियतले कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न देहाय अनुसार उत्कृष्ट, राम्रो, सन्तोषजनक, र ठीकै श्रेणीका ७ (सात) वटा बुदाहरु दिइएको छ । मूल्याङ्कनकर्ताले प्रत्येक बुदामा दिइएको उचित श्रेणीमा रेजा (√) चिन्ह लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुने छ । कुनै कोठामा रेजा नलगाएको पाइएमा त्यसमा सन्तोषजनक स्तर कायम हुनेछ । श्रेणीको बिभाजन तथा त्यसमा प्रदत्त अङ्क तालिकामै दिइएको छ ।

| क.सं. | मूल्याङ्कनका आधार | उत्कृष्ट<br>१.०० | राम्रो<br>०.७५ | सन्तोषजनक<br>०.५० | ठीकै<br>०.२५ |
|---|---|---|---|---|---|
| १. | सृजनात्मक शैलीबाट काम गर्ने क्षमता | | | | |
| २. | निकायलाई समय समयमा आई पर्ने कार्यमा सहयोग | | | | |
| ३. | संगठन वा निकाय प्रति प्रतिवद्धता | | | | |
| ४. | निर्देशनको पालन | | | | |
| ५. | पेशागत श्रृजनशिलता र पेशागत प्रतिवद्धता | | | | |
| ६. | माथिल्लो तहको जिम्मेवारी वहन गर्न सक्ने | | | | |
| ७. | मातहतका कर्मचारीहरुलाई निर्देशन दिन सक्ने | | | | |
| जम्मा प्राप्ताङ्क अङ्कमा : ………………… अक्षरमा : …………………………………… | | | | | |

कूल प्राप्ताङ्क ८० प्रतिशत (५.६ अङ्क) भन्दा बढी वा ४० प्रतिशत (२.८ अङ्क) भन्दा कम दिएमा औचित्यपूर्ण कारण जनाउनु पर्ने छ । औचित्यपूर्ण कारण नजनाई कूल प्राप्ताङ्क ८० प्रतिशत भन्दा बढी वा ४० प्रतिशत भन्दा घटी दिएको पाईएमा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क नै कायम हुने छ ।

……………………………………………………………………………………………………………

मूल्याङ्कनकर्ताको नाम : सही :

पद : मिति : … / … / २०७ …

कार्यालय :

कार्यालयको छाप :

**पुनर्मूल्याङ्कनकर्ता/पुनरावलोकनकर्ताबाट प्रदत्त अङ्क (पूर्णाङ्क ४)**

जम्मा प्राप्ताङ्क : अङ्कमा : .......... अक्षरमा : ..............................................................................

पुर्नमूल्याङ्कनकर्ता/पुनरावलोकनकर्ताबाट प्रदत्त अङ्क ८० प्रतिशत (३.२०) भन्दा बढी र ४० प्रतिशत (१.६०) भन्दा घटी भएमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ । कारण नजनाई प्राप्ताङ्क ८० प्रतिशत भन्दा बढी वा ४० प्रतिशतभन्दा घटी दिएको पाईएमा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क नै कायम हुनेछ ।

...........................................................................................................................................

...........................................................................................................................................

............................................

पुनर्मुल्याङ्कनकर्ता/पुनरावलोकनकर्ता                                        कार्यालयको छाप

मिति : ... / ... / २०७ ...

---

**सेवा आयोगको कार्यालयको प्रयोजनका निमित्त**

सुपरीवेक्षकबाट प्रदत्त अङ्क :

प्रमुख मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क :

पुनर्मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क :

**जम्मा अङ्क :** ..........

२० पूर्णाङ्कमा प्राप्त सो अङ्कलाई प्रतियोगितामा निर्धारण गरिएको पूर्णाङ्क अनुसार दामासाहीले हुन आउने

प्राप्ताङ्क : .......... ( अक्षरमा : ........................................................ )

| | |
|---|---|
| ..................................... | ................................... |
| तयार गर्ने | रुजु गर्ने |
| मिति : ... / ... / २०७ ... | मिति : ... / ... / २०७ ... |